# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०४।३० गते।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

लमजुङ जिल्ला राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानिय पूर्वाधार) लमजुङबाट करार सेवामा नियुक्त भई मर्स्याङदी गाँउपालिकामा कार्यरत इन्जिनियर भुपेन्द्र कुमार मण्डल र असिस्टेन्ट सव-इन्जिनियर टीका प्रसाद गुरुङले लाभग्राहीहरुसँग भवन निर्माणको किस्ताबापत प्राप्त गर्नुपर्ने रकमबाट बिभिन्न बहानामा आठजनाबाट जनही ५० हजारका दरले घुस/रिसवत माग गरी रु. ४ लाख रकम लिएको भन्ने सूचना तथा उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिई गएको टोलीले जिल्ला प्रशासन कार्यालय, लमजुङको सहयोगमा निजहरुलाई नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा भूकम्पपीडित लाभग्राहीहरुसँग निजहरुले निर्माण गरेको घरको मापदण्ड नमिलेको भन्ने बहानामा प्राविधिक मूल्याङकन गराई रकम स्विकृत गराउन भनी लमजुङ जिल्लामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणअन्तर्गत जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) लमजुङबाट करारमा नियुक्त भई मर्स्याङ्दी गाँउपालिकामा कार्यरत रहेका इन्जिनियर भुपेन्द्र कुमार मण्डल र असिस्टेण्ट सव-इन्जिनियर टिका प्रसाद गुरुङले आफ्नो जिम्मेवारी र पदीय दायित्वसमेतको ख्याल नगरी बद्नियतपूर्वक भूकम्पपीडित लाभग्राहीहरु आठजनालाई जनही रु.५०,०००।—का दरले घुस/रिसवत दिन वाध्य पारी सोबापत एकमुष्ट रकम रु.४,००,०००।—लिई निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिंदा निजहरु भुपेन्द्र कुमार मण्डल र टिका प्रसाद गुरुङलाई बिगो रु.४,००,०००।—(अक्षरुपी चार लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुनका साथै निजहरुले मिलेमतो गरी लिएको रिसवत बापतको रकम रु.४,००,०००।—(अक्षरुपी चार लाख) निजहरुबाट असुल उपर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी